BROADCAST: 18:40 hrs Date: 16.06.2025

CM called on President: CM Facebook page

मुख्यमन्त्री प्रेमसिंह तामाङले आज नयाँ दिल्लीमा राष्ट्रपति द्रौपदी मुर्मुलाई शिष्टचार भेट गरी सिक्किमवासीको तर्फबाट हार्दिक शुभकामना व्यक्त गर्नुभयो। भेटघाटका क्रममा श्री तामाङले भारतीय संघको राज्यका रूपमा सिक्किमको पचास वर्षे यात्राको सम्झना अर्थात् स्वर्ण जयन्ती समारोहका अवसरमा जारी गरिएको स्मारिका, स्मारक सिक्का र टिकट प्रदान गर्नुभयो। मुख्यमन्त्रीले आफ्नो आधिकारिक फेसबुक पोस्टमा यो कोशेढुङ्गा र हाम्रा जनताको सामूहिक भावनालाई राष्ट्रको सर्वोच्च व्यक्तित्वसँग साझा गर्न पाउनु गर्वको क्षण भएको बताउनुभएको छ।

Governor-students: Dilliram Dulal

आज ब्ल्याक क्याट डिभिजनद्वारा आयोजित ग्रीष्मकालीन शिविर अन्तर्गत गान्तोकका केन्द्रीय विद्यालय र आर्मी पब्लिक स्कूलका ५ देखि १४ वर्ष उमेर समूहका ९२ जना बालबालिकाले राजभवनको भ्रमण गरी राज्यपाल ओम प्रकाश माथुरसँग भेट गरे। यो शिविर बालबालिकाहरूको गर्मी बिदालाई रचनात्मक बनाउने उद्देश्यले आयोजना गरिएको ब्ल्याक क्याट डिभिजनको पहल हो। आजको कार्यक्रमका क्रममा, बालबालिकाहरूले राजभवनको ऐतिहासिक परिसरलाई नियाल्नका साथै राज्यपाल र बालबालिकाहरूबीच अन्तरक्रियात्मक सत्र पनि आयोजित भयो। यस क्रममा, राज्यपालले बालबालिकाहरूलाई राष्ट्र सेवा गर्न पनि प्रेरित गर्नुभयो।

Kailash Manasarovar Yatra 2025: RNU

कैलाश मानसरोवर यात्रा २०२५ को पहिलो समूह आज भारत-तिब्बत सीमा पुलिस, ITBP-द्वारा गान्तोकको एक होटलमा आयोजित अनिवार्य ब्रीफिङ सत्रपछि १७ माइलतिर प्रस्थान गऱ्यो। राज्य पर्यटन विकास निगम, STDC का प्रमुख निर्देशकले सम्पर्क अधिकारीहरू र ITBP डीआईजीलाई हार्दिक स्वागत गर्नुभयो। उहाँले पवित्र कैलाश पर्वतको सुरक्षित, सफल र आध्यात्मिक रूपले सन्तुष्टदायी यात्राका लागि सबै यात्रीलाई शुभकामना दिनुभयो। ब्रीफिङ सत्र पर्यटन तथा नागरिक उड्डयन विभागका उपनिर्देशक प्रशान्त पाख्रिनले सञ्चालन गर्नुभयो।

BJP-Sikkim-Census: Dilliram Dulal/Bishnu Neupane

बीजेपी सिक्किम प्रदेशले प्रधानमन्त्री नरेन्द्र मोदीको नेतृत्वमा केन्द्र सरकारको जात-आधारित जनसंख्या जनगणना गर्ने ऐतिहासिक निर्णयको हार्दिक प्रशंसा गरेको छ। पार्टीको विज्ञप्तिमा आगामी जनगणनामा जातीय तथ्याङ्क समावेश गर्नाले नीति निर्माताहरूलाई देशभरिका विभिन्न समुदायको सामाजिक-आर्थिक अवस्थाबारे सही र ताजा जानकारी प्राप्त गर्न मद्दत मिल्नेछ भनी बताइएको छ। यसले कल्याणकारी योजनाहरू र आरक्षणको लाभ वास्तवमै योग्य वर्गहरू, विशेष गरी सीमान्तकृत र कम प्रतिनिधित्व भएका जातिहरूसम्म पुग्ने सुनिश्चित गर्नेछ।

Covid-Sikkim: Dilliram Dulal

हालै कोभिड-१९ का घटनामा भएको वृद्धिबीच, सिक्किम शिक्षा विभागले गत १२ जूनको दिन सबै मुख्य शिक्षा अधिकारीहरूलाई निर्देशन जारी गरेको छ। सरकारी र निजी विद्यालयहरूलाई विद्यार्थी, कर्मचारी र छात्रावासमा बस्नेहरूको स्वास्थ्यलाई नजिकबाट निगरानी गर्न निर्देशन दिइएको छ। दुई दिनभन्दा बढी समयसम्म खोकी, चिसो वा ज्वरो आएको लक्षणहरू देखिनेहरूले डाक्टरसँग परामर्श लिनुपर्छ। मामिला वृद्धि भएमा, प्रभावित कक्षाहरू अनिवार्य सरसफाइ गर्न दुई दिनका लागि स्थगित गर्न सकिन्छ। चलिरहेको अर्धवार्षिक परीक्षाका समयमा लक्षण देखिएका विद्यार्थीहरूलाई छुट्टै राखिनेछ। सबै विद्यालयलाई सुरक्षा प्रोटोकलहरू कडाइका साथ पालना गर्न पनि आग्रह गरिएको छ।

Dharti Aaba: IPR/Madhu Sharma

आज पाकिममा **धरती आबा जनजातिय ग्राम उत्कर्ष अभियान**-सम्बन्धी समन्वय बैठक अतिरिक्त जिल्लापाल जी.एल मीनाका अध्यक्षतामा सम्पन्न भयो। बैठकमा १५ जूनदेखि १५ जुलाई २०२५ सम्म जिल्लाभरि आयोजित हुने **"धरती आबा अभियान - जागरूकता तथा लाभ सन्तृप्ति शिविर"** को तयारीबारे छलफल भयो। यो अभियान राष्ट्रिय पहल, **प्रधानमन्त्री जनजातिय आदिवासी न्याय महा अभियान** र **धरती आबा जनजातीय ग्राम उत्कर्ष अभियान** अन्तर्गत सुरु गरिएको हो। अतिरिक्त जिल्लापाल श्री मीनाले अभियानले जिल्लाका पाँचवटा पहिचान गरिएका आदिवासी गाउँहरूमा, विशेष गरी जोखिममा रहेका आदिवासी समूहका बस्तीहरूलाई लक्षित गर्ने जानकारी दिनुभयो। त्यसैगरी, आजै गेजिङमा पनि **धरती आबा जन जातीय ग्राम उत्कर्ष अभियान**सम्बन्धी जिल्ला-स्तरीय समितिको बैठक सम्पन्न भयो। बैठकको अध्यक्षता जिल्लापाल तेन्जिङ डी डेन्जोङ्पाले गर्नुभयो। बैठकमा जिल्लापालले सबै विभागलाई पूर्ण सन्तृप्ति र प्रभावकारी सेवा प्रदान गर्न, सेवाबाट वञ्चित क्षेत्रहरूमा निर्बाध अन्तर-एजेन्सी समन्वय र सक्रिय पहुँच सुनिश्चित गर्न आग्रह गर्नुभयो।

NIT Sikkim-Yoga: DESK

आज राष्ट्रिय प्रविधि संस्थान, NIT सिक्किमको टोलीले रामाङ्लास्थित होली चाइल्ड स्कूलमा योगा अउटरिच कार्यक्रम आयोजना गऱ्यो।